१५

# ख्रीष्ट,
# मण्डलीको शिर

एउटा पुरानो कथाले केटाहरूको एउटा समूहको कुरा गरेको छ जो दौडदै एउटा पसलमा आएका थिए । तिनीहरूले केही थोक किने र दौडदै बाहिर गए । केही मिनट मै उनीहरू त्यस पसल पछाडीको डाडोको टुप्पामा पुगे र अलप भए । त्यसको केही मिनेट पछाडी अर्को केटो त्यस पसलमा दौडदै आयो, हस्याङ्ग-फस्याङ्ग गर्दै । त्यसले उत्तेजित अवस्था मै पसलेलाई सोध्यो, "के तपाईले केटाहरूको एउटा समूहलाई देख्नुभयो ?" त्यस पसलेले भन्यो, "हो, तिनीहरू यहाँ पन्ध्र मिनटअघि मात्र आएका थिए । तिनीहरू निकै हतारमा थिए र यहाँ धेरै बसेनन् ।" त्यो केटोले भन्यो, "तिनीहरू कुनबाटो लागे ? म तिनीहरूको अगुवा हुँ ।"

यो केटो समूहको अगुवा, हामीहरूले अक्सर गरेर देख्ने गरेको अगुवाईको एउटा उदाहरण हो–एउटा अगुवा जसले एकदमैअघि बसेर अगुवाई गरिरहेको छैन तर पछाडी छ र उसकापछि लाग्नेहरू कता गए भनेर अलमल्लमा परिरहेको छ । मानवीय अगुवाईमा रहेको समस्या यसको दुर्बलता र दोष हो । मानवीय अगुवाईले कुनै न कुनै समयमा निराश पार्दछ । मानिसहरू सधैं मानिसै हुन्छन् ।

के मण्डलीमा पनि कुनै समय खराब अगुवाई हुन्छ ? के स्वर्गतर्फ गइरहेको पानीजहाजका कप्तान पनि मानवीय कमजोरी र असफलताहरूमा पर्नु हुनेछ ? जब मण्डली पृथ्वीबाट अनन्तको महान किनारातर्फ यात्रा गरिरहेको हुन्छ, के यसका सदस्यहरूले बिग्रिएको दिशानिर्देश यन्त्र (कम्पास) मा भर पर्नुपर्ने हुन्छ ?

यस्तो डर प्रेरणाप्राप्त वचनहरूले हटाइदिन्छन्, जसले मण्डलीको प्रमुख (शिर) येशू ख्रीष्टभन्दा अरु कोही होइनन् भन्ने कुरा स्वीकार गर्दछन् । पावल लेख्दछन्, "ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ, जुन

मण्डली उहाँको शरीर हो, र उहाँ स्वयम् त्यसको मुक्तिदाता हुनुहुन्छ" (एफिसी ५:२३-२५) । उहाँ मण्डलीको शिर हुनुहुन्छ किनभने उहाँले त्यसलाई प्रेम गर्नुभयो र त्यसको निम्ति मर्नुभयो । उहाँको महान बलिदानले गर्दा येशूसँग मण्डलीलाई अगुवाई गर्ने अधिकार छ। "ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ" भन्ने वाक्यांशलाई गहिरोरुपमा तपाईको विचारमा पस्न दिनुहोस् । ख्रीष्टिय मण्डलीका सदस्यहरू ख्रीष्टलाई मण्डलीको शिरकोरुपमा देख्दा त्यसले तिनीहरूलाई आत्मविश्वास दिँदछ, किनभने त्यसले तिनीहरूलाई तिनीहरूले पाएको असफल नहुने नेतृत्वको सम्झना गराउँदछ । यो ख्रीष्टियान नभएकाहरू मण्डलीमा प्रवेश गर्ने कारण पनि हुनुपर्दछ–जसले गर्दा तिनीहरू ख्रीष्टको कहिल्यै असफल नहुने अगुवाई अन्तरगत् आउन सकेका हुन् ।

आउनुहोस् हामी "ख्रीष्ट, मण्डलीको शिर हुनुहुन्छ" भन्ने पुनः विश्वास दिलाउने विचारलाई उहाँ कसरी मण्डलीको शिर हुनुहुन्छ भन्ने कुरालाई ध्यानमा राखेर मनन गरौं ।

## उहाँ अधिकारमा शिर हुनुहुन्छ

सर्वप्रथम, ख्रीष्ट मण्डलीको अधिकारप्राप्त शिर हुनुहुन्छ । उहाँ प्रभु हुनुहुन्छ, र उहाँले आफ्नो व्यवस्थाद्वारा अगुवाई गर्नुहुन्छ ।

उहाँको मृतकबाटभएको पुनरुत्थान र उहाँको स्वर्गारोहणपछि, ख्रीष्ट स्वर्गीय स्थानमा परमेश्वरको दाहिने बाहुलीतर्फ बस्नुभएको छ, "सबै शासन र अधिकार र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो" (एफिसी १:२१) । परमेश्वरले, "सबै कुरा उहाँको पाउमुनि राखिदिनुभयो र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनु भयो, जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो ..." (एफिसी १:२२, २३) । पावलले कलस्सीमा पनि यसै सत्यलाई महत्व दिएका छन्, जब उनी भन्दछन्, "उहाँ शरीर अर्थात मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै शुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनुहुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन् । किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा बास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो" (कलस्सी १:१८, १९) । हिब्रूको लेखकका अनुसार आखिरी दिनहरूमा अथवा ख्रीष्टियान युगमा परमेश्वर आफ्नो पुत्रद्वारा

हामीसँग बोल्नुहुने थियो (हिब्रू १:१, २) । उहाँले खीष्टलाई अति उच्च पार्नुभयो र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो जुन हरेक नाउँभन्दा उच्च छ, "त्यसैले स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनिभएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ र हरेक जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति येशू खीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ" (फिलिप्पी २:१०, ११) । धर्मशास्त्रहरूले हामीलाई समयको अन्त्य नभएसम्म खीष्टले शिरकोरुपमा मण्डलीमा अथवा राज्यमा राजाकोरुपमा शासन गर्नुहुनेछ भन्नेमा निश्चिन्त बनाएको छ र त्यसपछि जब सबै शासन, अधिकार र शक्ति नष्ट हुनेछन्, उहाँले त्यो राज्य परमेश्वर पितालाई सुम्पिदिनुहुनेछ (१ कोरिन्थी १५:२३, २४) ।

येशूको मण्डली उहाँको अधिकार र अगुवाईको अधिनमा रहन्छ । यहाँसम्मकि यो "म" केन्द्रित युगमा पनि, खीष्टिय मण्डलीमा मानिसहरूले आफ्नै बाटोमा जाने चाहना गर्न सक्दैनन् । तिनीहरूले "म पहिले" भन्न सक्दैनन् र त्यसै समय येशूलाई प्रभुकोरुपमा मानी लिन सक्दैनन् । एउटा खीष्टियानले गर्ने प्रत्येक निर्णय उहाँको प्रभुत्वको आज्ञापालनद्वारा निर्देशित एउटा आत्मिक निर्णय हुन्छ ।

## उहाँ उदाहरणमा शिर हुनुहुन्छ

दोस्रो, खीष्ट उदाहरणमा पनि मण्डलीको शिर हुनुहुन्छ । उहाँ परमेश्वर प्रतिको आज्ञापालनमा एउटा सिध्द नमूना हुनुहुन्छ । उहाँले उहाँको पापरहित जीवनद्वारा अगुवाई गर्नुहुन्छ ।

पत्रुसले भनेका छन् कि खीष्टले कुनै पाप गर्नुभएको थिएन र उहाँको मुखमा कुनै छलको कुरा पाइएको थिएन । जब उहाँलाई अपमान गरियो, उहाँले साटो फेर्नुभएन । जब दुःख भोग्नुभयो, उहाँले धम्की दिनुभएन (१ पत्रुस २:२१-२३) ।

खीष्टले गल्ती गरेर त्यसको निम्ति उहाँले कहिल्यै क्षमा माग्नुपरेको थिएन । न त बोलेको कुवाक्यको निम्ति उहाँको विरुध्दमा आवाज उठेको थियो । न त उहाँको हृदयलाई कुनै एउटा पापमय विचार थाहा थियो । उहाँका शत्रुहरूले उहाँको जीवनको जाँच गरेका थिए तर एउटै पाप पाउन असफल भएका थिए ।

उहाँ हामीहरूले त्यस्तो जीवन बिताएको चाहनुहुन्छ जुन- सत्य, पवित्र र आदरणीय हुन्छ (फिलिप्पी ४:८) । याकूब लेख्दछन्, "... कुनै

खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न । तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ" (याकूब १:१३, १४) । हाम्रो विपक्षी खीष्ट हुनुहुँदैन, तर दियावलस हो, जसलाई मत्ती ४:३ मा "परीक्षा गर्ने" भनिएको छ । उ कसलाई भेट्टाऊँ र खाईहाँलू भनी गर्जने सिँहझैँ खोजिहिँड्छ (१ पत्रुस ५:८) । उ हाम्रा कमजोरीहरूको फाइदा उठाउन तयार हुन्छ ।

खीष्टलाई हाम्रो कमजोरीहरू पनि थाहा छ, उहाँले हाम्रा समस्याहरू बुझ्नुहुन्छ । उहाँले पनि, परीक्षा गर्नेको सामाना गर्नु परेको थियो, तापनि उहाँले पाप गर्नुभएन (हिब्रू ४:१५) । उहाँले हाम्रोअघि परीक्षाहरू राखिदिनु हुँदैन; त्यसको साटो, उहाँले हामीहरूलाई हामीले सहन नसक्ने परीक्षाहरूबाट बचाउँदै, पापबाट बच्ने बाटो उपलब्ध गराउनु हुन्छ (१ कोरिन्थी १०:१३) ।

मण्डलीको शिर चरित्रमा सिध्द हुनुहुन्छ जसरी उहाँ अधिकारमा पनि सिध्द हुनुहुन्छ । उहाँको मण्डलीले उहाँका आज्ञाहरूमा ध्यान दिनुपर्दछ र उहाँको जीवनको नक्कल गर्नुपर्दछ । यूहन्नाले लेखेका छन्, "उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ" (१ यूहन्ना २:६) । येशूले यो अद्भुत अगुवाई मण्डलीलाई दिनुभएको कारणले पावलले अरुहरूलाई भन्न सकेका थिए, "मेरो अनुकरण गर्ने होओ, जसरी म खीष्टको अनुकरण गर्दछु" (१ कोरिन्थी ११:१) ।

एउटा दृष्टिकोणबाट, खीष्ट हाम्रो सिध्द मुक्तिदाता हुनुभएको छ । परमेश्वरकोअघि एउटा सिध्द जीवन जिउनुभएर, उहाँ हाम्रो मुक्तिदाता हुनको निम्ति पूर्णरुपमा योग्य हुनुभयो र एउटा पापरहित जीवन पापको निम्ति प्रायश्चितकोरुपमा (दाम तिर्नु) अर्पण गर्न सक्नुभयो । हिब्रूका लेखकले तर्क गरेका छन्, "उहाँ पुत्र हुनुहुन्थ्यो, तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो र सिध्द तुल्याइएर उहाँका आज्ञापालन गर्नेहरू सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो" (हिब्रू ५:८, ९) ।

नथनेल हथ्रोनले "दि ग्रेट स्टोन फेस" भन्ने कथा लेखेका छन् जसले हामीले जेलाई हेर्दछौ हामी त्यस्तै बन्दछौं, हामीले जेलाई प्रशंसा गर्दछौं त्यसको नक्कल गर्दछौं भन्ने कुरा सम्झाउँदछ । एउटा पहाडको छेउमा कुँदिएको, एउटा दयालु अनुहार, एउटा उपत्यका तर्फ फर्केको थियो जहाँ एउटा गाउँमा उत्पीडित मानिसहरू बस्दथे । कुनै दिन

त्यस ठूलो ढुंगाको जस्तै अनुहारभएको मानिस एक दिन तिनीहरूको उध्दारककोरुपमा आउने छन् भनी त्यो समुदायले विश्वास गर्दथ्यो । त्यस गाउँको एउटा केटोले निरन्तर अपेक्षा र चाहनाले त्यस चट्टानको अनुहारकोबारेमा सोच्ने गर्थ्यो । केही समयपछि, त्यस चट्टानको अनुहारलाई प्रशंसा गरिरहँदा र हेरीरहँदा, त्यो युवक त्यसै अनुहार जस्तै भएर बढ्न थाल्यो र त्यो समुदायकाले चाँडै उसलाई उध्दार कर्ताकोरुपमा स्वीकार गर्न थाले ।

सत्य के हो भने हामी जेलाई हेर्दछौं त्यस्तै हुन्छौं भन्ने कुरा विशेष गरी मण्डलीमा पनि सही हुँदछ । पावलले भनेका छन्, "हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँकोरुपमा बदलिँदै जान्छौं । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ" (२ कोरिन्थी ३:१८) ।

खीष्टको मण्डलीले जीवन कसरी जिउने भन्ने नमूनाकोरुपमा उहाँको जीवनलाई हेर्दछ । उहाँ उदाहरणमा हाम्रो शिर हुनुहुन्छ । यसका सदस्यहरूले खाली उहाँलाई हेर्ने मात्र होइन, तर तिनीहरूले उहाँलाई उहाँले सधै मण्डलीलाई उहाँको सिध्द जीवनका साथ डोऱ्याउनु हुन्छ भनी हेर्दछन् (हिब्रू १२:२) ।

## उहाँ प्रेममा शिर हुनुहुन्छ

तेस्रो, खीष्ट प्रेममा मण्डलीको शिर हुनुहुन्छ । उहाँले आफ्नो अद्भुत प्रेमका साथ उहाँका मानिसहरूलाई अगुवाई र शासन गर्नुहुन्छ।

उहाँको मृत्यु हुनुभन्दा अघिको साँझ, येशूले आफ्ना चेलाहरूलाई भन्नुभएको थियो, "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछु: तिमीहरू एक-अर्कालाई प्रेम गर । तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर । यदि तिमीहरूले एक अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ" (यूहन्ना १३:३४, ३५) । उहाँले तिनीहरूलाई अझ भन्नुभएको छ, "मेरो आज्ञा यही, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर" (यूहन्ना १५:१२) ।

यो प्रेम जुन खीष्टले मानिसहरूलाई देखाउनुभएको छ त्यसले उहाँको अनुयायीहरूलाई तीन तरिकाले डोऱ्याउने गर्दछ । पहिलो,

यसले तिनीहरूलाई उहाँलाई प्रेम गर्न लगाउँदछ । यूहन्ना भन्दछन्, "हामी प्रेम गर्दछौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो" (१ यूहन्ना ४:१९) । दोस्रो, उहाँको प्रेमले ख्रीष्टियनहरूलाई एक-अर्कालाई प्रेम गर्न लगाउँदछ । यूहन्ना लेख्दछन्, "यसैबाट प्रेम के हो हामी थाहा पाउँदछौं कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो । हामीले पनि आफ्ना दाजु-भाईहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ" (१ यूहन्ना ३:१६) । तेस्रो, उहाँको प्रेमले उहाँका चेलाहरूलाई उहाँको इच्छा पूरा गर्न लगाउँदछ । ख्रीष्ट भन्नुहुन्छ "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरो आज्ञाहरू पालन गर्नेछौ" (यूहन्ना १४:१५) ।

जब स्वर्गदूतहरूले येशूको पृथ्वीको सेवाकाईलाई हेर्दछन्, उनीहरू छक्क पर्दछन् होला । उहाँको क्रूसमा मृत्यु हुनुभन्दाअघिल्लो दिन, उहाँले एउटा बाटा र एउटा तौलीया लिनुभयो र प्रेममा र नम्रतामा उहाँका चेलाहरूको खुट्टा धुनुभएको थियो । राजाहरूको राजाले प्रेमिलो सेवामा आफ्ना सेवकहरूअघि घुडा टेक्नुभयो । ख्रीष्ट मानिसमात्र हुनुभएन, तर उहाँ मानिसहरूको एउटा सेवक बन्नुभयो । उहाँले मानिसको स्वरुप लिनुभयो र एउटा कमाराको जीवन जिउनुभयो (फिलिप्पी २:७) ।

यूहन्नाले यो महत्वपूर्ण दृष्यलाई यी शब्दहरूका साथ उल्लेख गरेका छन्, "पिताले सबैथोक उहाँका हातमा दिनुभएको छ र उहाँ परमेश्वरको तर्फबाट आउनुभएको हो र परमेश्वरकहाँ नै जाँदै हुनुहुन्छ भन्ने कुरा येशूले जान्नुहुँदथियो" (यूहन्ना १३:३) । अर्को शब्दहरूमाभन्दा एक समय जब ख्रीष्ट विशेष गरी उहाँको अधिकार, प्रतिष्ठा र भविष्यको बारेमा सचेत हुनुहुन्थ्यो, तर (स्वयम्लाई होच्याउनुभयो) उहाँले जिउनुभएको सेवकको जीवनसँग समन्वय गर्दै एउटा कमाराको काम गर्नको निम्ति उहाँ खुम्चनु भयो । उहाँले उहाँको सर्वोच्चता र बल, उहाँको शक्ति र पदको सेखी गर्नु भएन । प्रेममा, उहाँले यसलाई आफ्ना चेलाहरूलाई नम्रताको पाठ सिकाउन प्रयोग गर्नुभयो ।

मण्डलीको शिरकोरुपमा, उहाँले प्रेममा उहाँको शक्ति र अधिकारका साथ सेवा गर्नुहुन्छ! जब उहाँले चेलाहरूको खुट्टा धुनुभएको थियो, उहाँले उहाँको प्रभुको पद त्याग्नुभएको थिएन, उहाँले उहाँको प्रभुको पद तिनीहरूको सेवाको निम्ति र तिनीहरूमा सेवाको आत्मा निर्माण गर्नको निम्ति प्रयोग गर्नुभएको थियो । उहाँले तिनीहरूलाई भन्नुभएको थियो, "तिमीहरू मलाई 'गुरु र प्रभु' भन्दछौ, त्यो तिमीहरू

ठीकै भन्दछौ, किनभने म उही हुँ । यदि तिमीहरूका प्रभु र गुरु भईकन मैले तिमीहरूका गोडा धोएको छु भने तिमीहरूले पनि एक अर्काका गोडा धुनुपर्छ । किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको छु र जसो मैले तिमीहरूका निम्ति गरे तिमीहरूले पनि त्यसै गर" (यूहन्ना १३:१३-१५) ।

येशूले सम्भवभएको उच्चतम् तरिकाले प्रेम के हो र कसरी साँचो प्रेम प्रकट गर्न सकिन्छ भन्ने कुरा चित्रण गर्नुभएको थियो । उहाँले उहाँको मण्डलीलाई उहाँको प्रेमले अगुवाई गर्नुहुन्छ । जब ख्रीष्टियानहरू उहाँको प्रेमको वातावरणमा जिउँदछन्, त्यो वातावरणमा सास फेर्दछन् र त्यसप्रति प्रतिकृया जनाउँदछन्, तिनीहरू उहाँको स्वरुपमा परिवर्तन हुँदै जान्छन् । यसमा कुनै आश्चर्य छैन, यूहन्नाले भनेका छन्, "प्रिय हो, हामी एउटाले अर्कालाई प्रेम गरौं, किनभने प्रेम परमेश्वरबाट आउँछ । जसले प्रेम गर्छ त्यो परमेश्वरबाट जन्मेको हो, र परमेश्वरलाई चिन्छ । प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ" (१ यूहन्ना ४:७, ८) ।

## निष्कर्ष

निश्चय नै, ख्रीष्ट अधिकारमा, उदाहरणमा र प्रेम र सेवामा मण्डलीको शिर हुनुहुन्छ । उहाँले उहाँको मण्डलीलाई उहाँको प्रभुत्वद्वारा, उहाँको सिध्द जीवनद्वारा र उहाँको बाध्य पार्ने प्रेमद्वारा अगुवाई गर्नुहुन्छ ।

कुनै पनि संगठन अथवा शरीरको शिर (प्रमुख) लाई उसले अगुवाई गर्ने संगठन अथवा शरीरमा जस, प्रमाणिकता र शक्ति दिइनु पर्दछ । निश्चय नै ख्रीष्ट र मण्डलीमा पनि यही कुरा सत्य हुन्छ । ख्रीष्ट, परमेश्वरका ईश्वरीय पुत्रले, उहाँको दागरहित सिध्दता, असीम ज्ञान, अनुलनीय पूर्णता, सर्वशक्तिमान् बल उहाँको शिरत्व र अगुवाईद्वारा मण्डलीलाई प्रदान गर्नुहुन्छ ।

ख्रीष्टको मण्डली ख्रीष्टद्वारा स्थापना गरिएको थियो, ख्रीष्टबाट अगुवाई गरिएको छ र ख्रीष्टको नाम धारण गर्दछ । ख्रीष्टसँग जे छ, उहाँले उहाँको मण्डलीसँग बाँड्नु हुन्छ, जे जस्तो भविष्य ख्रीष्टको छ, मण्डलीको पनि त्यस्तै छ । उहाँले उहाँको मण्डलीलाई आज जीवित राख्ने प्रतिज्ञा गर्नुभएको छ र त्यसलाई भविष्यको निम्ति पवित्र

पार्नुहुनेछ, "र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकुन् र त्योचाहिँ पवित्र र निष्खोट होस्" (एफिसी ५:२७) ।

यदि ख्रीष्टले मण्डली सृष्टि गर्नुभएको हो, उहाँको प्रेम र मुक्ति मण्डलीमा बाँड्नु हुन्छ र मण्डलीलाई उहाँको अनन्त महिमाको मुकुट पहिऱ्याउने प्रतिज्ञा गर्नुभएको छ भने, उहाँको मण्डली भित्र पस्न को चाहँदैन होला ?

के तपाई ख्रीष्टबाट अगुवाई गरिएको मण्डलीको अंग हुनुहुन्छ ?

## अभ्यासका निम्ति प्रश्नहरू

(उत्तरहरू परिशिष्ट १ मा छन्)

१. अगुवाईको ती उदाहरणहरू दिनुहोस् जसले वास्तवमा अगुवाई गर्दैन ?
२. कसरी येशू अधिकारमा मण्डलीको शिर हुनुहुन्छ ? धर्मशास्त्रका पदहरू उल्लेख गर्नुहोस् जसले येशूमा सबै अधिकार छ भन्ने शिक्षा दिन्छन् ।
३. कहिलेसम्म ख्रीष्टले शिरकोरुपमा मण्डलीमा शासन गर्नु हुनेछ ? (हेर्नुहोस् १ कोरिन्थी १५:२३-२५ ।)
४. येशू कसरी हाम्रो सिध्द उध्दारक बन्नुभयो ? (हेर्नुहोस् हिब्रू ५:८, ९ ।)
५. ख्रीष्टमा परिवर्तन हुनु कुनै समयमा हुने एउटा घटना हो, तर उहाँको स्वरुपमा बदलिनुचाहिँ लामो समयमा हुने एउटा प्रकृया हो । यो परिवर्तनको प्रकृयाबारेमा छलफल गर्नुहोस् (हेर्नुहोस् २ कोरिन्थी ३:१८) ।
६. ख्रीष्टले चेलाहरूको गोडा धुनुभएको प्रसंगले ख्रीष्टको निम्ति दैनिक जीवन जिउनेबारेमा हामीलाई के शिक्षा दिँदछ ?
७. आज ख्रीष्टियानहरूले कसरी "एक-अर्कोको गोडा धुन" सक्दछन् ?